# स्थानीय राजपत्र

भुम्लु गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ७ | संङ्ख्या ३ | मिति २०८० पुस २६ गते


## भाग १

## भुम्लु गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## सल्ले, काभ्रेपलाञ्चोकको

## सूचना

**भुम्लु गाउँ सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ**

# "भुम्लु गउँपालिका आदिवासी/जनजाति विकास प्रतिष्ठान ऐन २०८०"

प्रस्तवनाः भुम्लु गाउँपालिका भित्र रहेका विभिन्न आदिवासी/जनजातिको सामाजिक आर्थिक, तथा साँस्कृतिक विकास र उत्थान एंवम राष्ट्रिय विकासको मुल प्रवाहमा समान सहभागिताको लागि भुम्लु गउँपालिका आदिवासी/जनजाति विकास प्रतिष्ठान गठन गर्न वाञ्छनीय भएकोले, भुम्लु गाउँपालिका गाउँ सभाले नेपालको संविधानको धारा २२६ को अधिनमा रही यो ऐन बनाइएको छ ।

## परिच्छेद -१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** यस ऐनको नाम "भुम्लु गउँपालिका आदिवासी/जनजाति विकास प्रतिष्ठान ऐन २०८०" रहेको छ ।

२. **परिभाषा-**

क. आदिवासी/जनजाति भन्नाले आफ्नो मातृभाषा र परम्परागत रितिरिवाज, छुट्टै साँस्कृतिक पहिचान, छुट्टै सामाजिक संरचना र लिखित वा अलिखित ईतिहास भएको जाति वा समुदाय सम्झनु पर्छ ।

ख. प्रतिष्ठान भन्नाले यस ऐन बमोजिम स्थापित आदिवासी/ जनजाति विकास प्रतिष्ठान सम्झनु पर्छ ।

ग. समितिले भन्नाले यस ऐन बमोजिम गठित विकास समितिको कार्यकारिनि समिति सम्झनु पर्छ ।

घ. तोकिएको वा तोकिए बमोजिम भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको बमोजिम सम्झनु पर्छ ।

## परिच्छेद-२

## विकास प्रतिष्ठानको स्थापना, उदेश्य, काम कर्तव्य र अधिकार

३. प्रतिष्ठनको स्थापनाः (१) भुम्लु गाउँपालिका आदीवासी/जनजाति विकास प्रतिष्ठान नामको एक प्रतिष्ठान स्थापना गरिएको छ।

४. प्रतिष्ठानको उदेश्यः

क. आदिवासी/जनजातिको सामाजिक,शैक्षिक,आर्थिक तथा साँस्कृतिक विकास र उत्थानसंग सम्बन्धित कार्यक्रम तर्जुमा र कार्यन्वयन गरी आदिवासी/जनजातिको सर्वाङ्गीण विकास गर्ने ।

ख. आदिवासी/जनजातिको भाषा लिपि संस्कृति साहित्य कला इतिहासको संरक्षण र प्रवर्धन गर्ने।

ग. आदिवासी/जनजातिको परम्परागत सीप प्रविधि र विशिष्ट जानकारीको संरक्षण र प्रवर्द्धन गरी त्यसलाई व्यावसायिक प्रयोगमा ल्याउन सहायता पुर्याउने।

घ. विभिन्न आदिवासी/जनजाति,जातिगत तथा सम्प्रदायबीच समुधर सम्बन्ध,सदभाव कायम गरी मुलुकको समष्टिगत विकासको मूल प्रवाहमा आदिवासी/जनजातीलाई सहभागि गराउने ।

ङ. आदिवासी/जनजातिको सामाजिक,आर्थिक,धार्मिक तथा साँस्कृतिक उत्थान र विकास गरी समतामूलक समाजको निर्माणमा मद्दत पुर्याउने।

## परिच्छेद-३

**गाउँपालिका आदिवासी/जनजाति विकास प्रतिष्ठानको गठन र बैठक**

५. (१) आदिवासी/जनजातिको क्षेत्रमा क्रियाशिल र ख्यातिप्राप्त लब्धप्रतिष्ठ व्यक्ति मध्येबाट देहाय बमोजिमको पदाधिकारी रहने गरी गाउँपालिकामा एक आदिवासी/जानजाति विकास प्रतिष्ठान गठन गर्ने छ ।

क. उपदफा(१) मा उल्लेखित बमोजिमको गाउँपालिका अध्यक्षले उपाध्यक्षको परामर्शमा तोकिएको व्यक्ति- अध्यक्ष

ख. गाउँपालिका अध्यक्षले उपाध्यक्षको परामर्शमा तोकिएको कम्तिमा ३ जना महिला सहित ६ जना - सदस्य

ग. गाउँपालिका अध्यक्ष वा उपाध्यक्षले तोकेको सहायक स्तर पाँचौ तहको कर्मचारी माध्ये बाट १ जना -सदस्य सचिव

घ. बुदा नं. (ग) मा उल्लेखित सदस्यहरु मध्यबाट गाउँपालिका आदिवासी/जनजाति विकास प्रतिष्ठनले प्राथमिकताका साथ महिलालाई उपाध्यक्ष मनोनित गर्नुपर्ने छ ।

५.(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि प्रतिष्ठानले पालिका भित्रको सम्पुर्ण आदिवासि/जनजातिहरुको जातिगत रुपमा छुट्टाछुट्टै समन्वय समिति गठन गर्न सक्ने छ ।

६. गाउँपालिका आदिवासी/जनजाति विकास प्रतिष्ठान पदाधिकारीको पदावधि गठन भएको मितिले ३ वर्षको हुने ।

७. अध्यक्षले कुनै कारण पदबाट राजिनामा दिन चाहेमा गाउँपालिकाको अध्यक्ष समक्ष र सदस्यले अध्यक्ष समक्ष राजिनामा दिनुपर्ने छ ।

८. पदावधि बाँकी हुँदै कुनै कारणबाट पद रिक्त भएमा निज जुन प्रकारले नियुक्ति भएको हो सो पदमा बाँकी अवधिका लागि सोहि प्रकारले अर्को सदस्य मनोनयन हुने छ ।

९. प्रतिष्ठानको पदाधिकारी तथा सदस्यमा मनोनयनका लागि देहाय बमोजिमका योग्यता पुगेको हुनु पर्ने छ ।

क. १८ वर्ष उमेर पुगेको नेपाली नागरिक

ख. गाउँपालिका क्षेत्रभित्रको स्थानीय वासिन्दा (सदस्य सचिव बाहेक) भएको ।

ग. आदिवासी/ जनजातिको क्षेत्रमा महत्वपूर्ण योगदान दिइएको ।

घ. प्रचलित कानूनले अयोग्य नभएको ।

**१०. अध्यक्षको काम कर्तव्य र अधिकार**

क.प्रतिष्ठानको बैठकको अध्यक्षता गर्ने र निर्णय कार्यन्वयन गर्ने मुख्य उत्तरदायित्व अध्यक्षको हुने छ ।

ख. प्रतिष्ठानको वार्षिक कार्ययोजना तयार गरी कार्यक्रम, संचालन तथा व्यवस्थापन गर्ने गराउँने।

ग. वडा स्तरिय समिति गठन गर्नेः गाउँपालिकाले गाउँपालिका भित्रका सबै वडाहरुमा आदिवासी/जनजातिको विकास गर्नका लागि सम्बन्धीत वडामा अध्यक्षको समन्वयमा छुट्टै ७ सदस्य समन्वय समिति गठन गर्न सक्नेछन् । वडा स्तरमा गठित समितिको अध्यक्षमा सम्बन्धित वडाको आदिवासि/ जनजाति मध्येबाट यस क्षेत्रमा क्रियाशिल लब्ध प्रतिष्ठित ब्यक्ति मध्यबाट हुनेछ।

घ. वडा स्तरीय समितिको गठन र दर्ता गाउँपालिकाले तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-४
## कार्यक्रम संचालन तथा व्यवस्थापन

११. प्रतिष्ठानले गाउँपालिका सँगको परामर्शमा देहाय बमोजिमको कार्यक्रम संचालन गर्न सक्ने छ।

क. राष्ट्रिय तथा अन्तराष्ट्रिय यस सम्बन्धित संघसंस्थाको समन्वयमा कार्यक्रमको आयोजना गर्न सक्नेछ ।

ख. आदिवासी/ जनजातीको विकासको लागि सम्मेलन गोष्ठि गर्ने वा गराउन सक्ने छ ।

ग. गाउँपालिकाको आदिवासि जनजातिको कला संस्कृति संरक्षणको लागि आवश्यक निति नियम बनाई पालिकालाई सुझाव पेश गर्न सक्ने छ ।

घ. गाउँपालिका भित्र गाउँपालिकाको समन्वयमा सम्बन्धित आदिवासी/जनाजातिको विशेष पर्वमा कार्यक्रमहरु संचालन गर्न सक्ने छ ।

## परिच्छेद-५
## गाउँपालिका आदिवासि/ जनजाति विकास प्रतिष्ठनको कोषको व्यवस्था

१२. आदिवासी/जनजातिको विकास संस्कृतिक संरक्षकण लगायतका कार्य गर्न प्रतिष्ठनको कोषको व्यवस्था गरिने छ ।

१३. कोषका स्रोतहरु देहाय बमोजिम हुनेछ ।

क. राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्था वा कुनै व्यक्तिबाट प्राप्त रकम ।

ख. गाउँपालिकाबाट प्राप्त रकम ।

ग. प्रतिष्ठानले प्राप्त गरेको पुरस्कार,चन्दा र सहयोग रकम ।

## परिच्छेद-६
## विविध

१४. गाउँपालिका सँग समन्वय गर्दा समितिको निर्णय सहित समिति अध्यक्षले गाउँपालिका अध्यक्ष समक्ष गर्नु पर्ने छ ।

१५. कुनै विषयमा अस्पष्टता भई अन्तिम निर्णय दिनु परेमा गाउँकार्यपालिकाको निर्णय अन्तिम हुनेछ।

१६. गाउँपालिकाले निर्देशन दिन सक्नेः भुम्लु गाउँपालिकाले प्रतिष्ठानलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

१७. यस ऐनको उदेश्य कार्यान्वयन गर्न परिषद्ले आवश्यक नियमहरु बनाउन सक्नेछ ।

१८. खारेजि र वचाउ -

क. यस ऐनमा भएका व्यवस्था प्रचलित कानूनसँग बाझिएमा सम्बन्धित कानून बमोजिम नै हुने छ।

ख. यस ऐनको संशोधन तथा खारेजि गाउँकार्यपालिकाले गर्न सक्ने छ ।

आज्ञाले
विष्णु प्रसाद सुवेदी
प्रमुख प्रशासकीय अधिकृत